# गरिब घरपरिवार पहिचानसम्बन्धी आर्थिक (दोस्रो संशोधन) निर्देशिका, २०७२

**प्रस्तावना** : गरिब घरपरिवारको पहिचानसम्बन्धी आर्थिक निर्देशिका, २०६९ मा संशोधन गर्न वाञ्छनीय भएकाले, सरकारले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ ले दिएको अधिकार प्रयोग गरी देहायको आर्थिक निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "गरिब घरपरिवार पहिचानसम्बन्धी आर्थिक (दोस्रो संशोधन) निर्देशिका, २०७२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "कार्यक्रम" भन्नाले गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण कार्यक्रम सम्झनुपर्छ।

(ख) "गणक" भन्नाले गरिब घरपरिवार पहिचान गर्ने कार्यका लागि तयार पारिएको प्रश्नावली रीतपूर्वक भरी बुझाउने व्यक्ति सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनुपर्छ।

(ग१) "समन्वय बोर्ड" भन्नाले गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका, २०६९ को दफा ३ बमोजिम स्थापना भएको समन्वय बोर्ड सम्झनुपर्छ। *

(घ) "सुपरिवेक्षक" भन्नाले गणकलाई सुम्पिएको कार्यका सम्बन्धमा सुपरिवेक्षण गर्न खटाइएको व्यक्ति सम्झनुपर्छ।

(ङ) "सर्वेक्षण अवधि" भन्नाले प्रश्नावली भर्ने एक महिनाको अवधि सम्झनुपर्छ।

३. जिल्ला समन्वय समितिको सचिवालय : (१) कार्यक्रम सञ्चालन हुने प्रत्येक जिल्लामा गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका, २०६९ बमोजिमको एक जिल्ला समन्वय समिति रहनेछ।

(२) कार्यक्रम लागु भएको जिल्लामा कार्यक्रम अवधिभर जिल्ला समन्वय समितिको सचिवालय रहनेछ।

(३) जिल्ला समन्वय समितिको सचिवालयमा बढीमा पाँच जनासम्म कर्मचारी रहनेछन्।

४. सरकारी भवन प्रयोग गर्नुपर्ने : कार्यक्रम सञ्चालनको लागि प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिले संभव भएसम्म सरकारी भवन प्रयोगमा ल्याउनु पर्नेछ।

५. घर भाडामा लिने : (१) दफा ४ बमोजिम सरकारी भवन नपाएको अवस्थामा जिल्ला समन्वय समितिले सरकारी स्वामित्वमा रहेका संघसंस्था, स्थानीय निकाय, सामुदायिक विद्यालय वा गैरसरकारी संस्थाको भवन पाएसम्म भाडामा लिई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सरकारी वा सरकारी स्वामित्वमा रहेको संघसंस्था, स्थानीय निकाय, सामुदायिक विद्यालय वा गैरसरकारी संस्थाको भवन पाउन नसकिएको अवस्थामा जिल्ला समन्वय समितिले कुनै व्यक्तिको घर भाडामा लिई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम घर भाडामा लिनु परेको अवस्थामा जिल्ला समन्वय समितिको संयोजक र कार्यक्रम संयोजकको संयुक्त निर्णयले अधिकतम् मासिक दश हजार रुपियाँमा नबढ्ने गरी बढीमा डेढ महिनासम्मका लागि घर भाडामा लिन सकिनेछ । यसरी घर भाडामा लिँदा रेन्ट कमिटीबाट निर्णय गराइहनुपर्नेछैन ।

६. गणनाको कार्यमा खटाउने * : (१) जिल्ला समन्वय समितिले घरपरिवार विवरण सङ्कलनको लागि गणक खटाउँदा प्रत्येक गणकका लागि प्रति महिना हिमाली क्षेत्रमा तीन सय, पहाडी क्षेत्रमा चार सय र तराइ क्षेत्र, महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रमा पाँच सय पचास घरपरिवार पर्ने गरी खटाउनुपर्नेछ ।

(२) कुनै गणकले उपदफा (१) बमोजिमको संख्याभन्दा बढी घरपरिवारको विवरण सङ्कलन गरेमा बढी भए जति संख्याको लागि प्रति घरपरिवार बीस रुपियाँका दरले हुन आउने रकम थप पारिश्रमिकको रूपमा उपलब्ध गराइनेछ ।

(३) जिल्ला समन्वय समितिले फिल्ड सुपरिवेक्षण कार्यका लागि सुपरिवेक्षक खटाउँदा हिमाली तथा पहाडी क्षेत्रका लागि चार जना गणकका लागि एक जना र तराइ क्षेत्र, महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रमा पाँच जना गणकका लागि एक जनाका हिसाबले खटाउनेछ ।

(४) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक वा अन्य कुनै जटिल तथा विशेष अवस्था परी जिल्ला समन्वय समितिले सिफरिस गरी पठाइएको अवस्थामा समन्वय बोर्डको अध्यक्षले गणक वा सुपरिवेक्षको संख्या आवश्यकताअनुसार तोक्न तथा खर्चको मापदण्ड सम्बन्धमा समेत आवश्यक निर्णय लिई काममा लगाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै निर्णय लिइएको अवस्थामा सो निर्णय समन्वय बोर्डबाट अनुमोदन गराउनुपर्नेछ ।

७. कार्यक्रममा खटिने जनशक्तिले पाउने भत्ता : (१) कार्यक्रमका लागि स्थलगत रूपमा खटिने गणकले जिल्ला समन्वय समितिले लगाएको कार्य सम्पन्न गरेपछि निजामती सेवाको राजपत्र अनङ्कित द्वितीय श्रेणीको खरिदारसरहका कर्मचारीले पाउने सुरु तलब स्केलअनुसारको एक महिनाको तलब बराबर भत्ता पाउनेछ ।

(२) कार्यक्रमका लागि स्थलगत रूपमा खटिने सुपरिवेक्षकले जिल्ला समन्वय समितिले लगाएको कार्य सम्पन्न गरेपछि निजामती सेवाको राजपत्र अनङ्कित प्रथम श्रेणीको नायब सुब्बा सरहका कर्मचारीले पाउने सुरु तलब स्केलअनुसारको एक महिनाको तलब बराबर भत्ता पाउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गणकले आफुलाई जिम्मेवारी दिइएको घरपरिवारको संख्याको आधारमा प्रति घरपरिवार बीस रुपियाँका दरले र सुपरीवेक्षकले आफ्नो मातहतमा रहने गणकका लागि गणनामा परेका घरपरिवारको जम्मा संख्याको प्रति घरपरिवार चार रुपियाँका दरले हिसाब गरी हुन आउने रकम पारिश्रमिक लिन लिखित निवेदन दिएमा निजले यस उपदफाबमोजिम पारिश्रमिक लिन पाउनेछ ।

(४) कुनै जिल्लामा सञ्चालित कार्यक्रमबाट प्राप्त विवरणसहितको सम्पूर्ण तथ्याङ्क गणकले मोबाइलको प्रयोग गरी पठाउनुपर्ने गरी मन्त्रालयले व्यवस्था गरेको रहेछ भने सोबापत प्रत्येक गणकलाई तीन हजार रुपियाँ नबढ्ने गरी मोबाइल खर्च उपलब्ध गराइनेछ ।

(५) मन्त्रालयले भाडामार्फत् खरिद गरी वा मन्त्रालय आफैले मोबाइल उपलब्ध गराए उपदफा (४) बमोजिमको खर्च उपलब्ध गराइने छैन ।

(६) गणक तथा सुपरिवेक्षका लागि जिल्लामा सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा सहभागी हुन आउने प्रशिक्षार्थीलाई भत्ता उपलब्ध गराउँदा यातायातको सुविधा उपलब्ध भएको स्थानबाट आउँदा प्रचलित दरबमोजिमको भाडा र प्रशिक्षण अवधिको लागि प्रति दिन आठ सय रुपियाँका दरले र यातायातका सुविधा उपलब्ध नभएका स्थानबाट आउँदा आठ कोससम्मका लागि प्रशिक्षण अवधिमा एक दिन थप गरी र सोभन्दा बढी दूरीका हकमा प्रत्येक आठ कोसका लागि एक दिनका दरले हुन आउने दिनको प्रति दिनका लागि आठ सय रुपिँयाका दरले एकतर्फी रकम उपलब्ध गराइनेछ । *

(७) प्रशिक्षार्थीलाई प्रशिक्षण अवधिभर उपदफा (६) बमोजिम पाउने भत्ताबाहेक अन्य कुनै सुविधा उपलब्ध गराइने छैन ।

(८) आफ्नो मातहतका गणकहरूले भरेका प्रश्नावली सङ्कलन गरी जिल्ला समन्वय समितिमा बुझाउन ल्याउँदा सुपरिवेक्षकलाई उपदफा (६) बमोजिम हिसाब गरी एकतर्फी रकम उपलब्ध गराइनेछ । *

(९) कार्यक्रम जिल्लाभित्रका गाउँ विकास समितिमा कार्यरत गाविस सचिव र नगरपालिकाको वडामा कार्यरत वडा सचिवहरूलाई सहजकर्ता र समन्वयकर्ताको रूपमा कार्य गरेको अवस्थामा सो कार्य गरेबापत कार्यक्रम अवधिभरका लागि एकमुष्ट पाँच हजार रुपियाँ भत्ता दिइनेछ । *

८. पेश्की दिन सकिने : (१) कार्यक्रमका लागि स्थलगतरूपमा खटिनुपर्ने जनशक्तिलाई निजले दफा ७ बमोजिम पाउने अधिकतम् रकमको पच्चिस प्रतिशतसम्म रकम पेश्कीस्वरूप दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पेश्की रकम उपलब्ध गराइएकोमा कार्य सम्पन्न भई सबै दायित्व फरफारक नभएसम्म बाँकी रकम उपलब्ध गराइने छैन ।

९. खाजा खर्च : (१) गरिब घरपरिवार सहयोग समन्वय बोर्ड, जिल्ला समन्वय समितिको सचिवालय र यससम्बन्धी कार्यका लागि काजमा खटिने कर्मचारीले काजमा खटिई हाजिर भएको अवधिभर प्रति दिन एक सय पचास रुपियाँ खाजा खर्च प्राप्त गर्नेछ । **

(२) कार्यक्रम सञ्चालनको सिलसिलामा बस्ने गोष्ठी, तालिम वा प्रशिक्षणमा संलग्न हुनेका लागि खाजाबापत खर्च गर्दा प्रति व्यक्ति बढीमा एक सय रुपियाँसम्म खर्च गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ बमोजिम सुविधा पाउने गरी खटिएको कर्मचारीले यस दफा बमोजिमको खाजा खर्च रुजु हाजिर भएको अवधिको मात्र पाउनेछ । **

१०. बैठक भत्ता : (१) जिल्ला समन्वय समितिको बैठकमा भाग लिएबापत प्रत्येक सदस्यले रु. १०००।- (रु. एक हजार मात्र) बैठक भत्ता प्राप्त गर्नेछ । **

(२) जिल्ला समन्वय समितिको तथा जिल्ला गुनासो सुनुवाइ समितिको बैठक कार्यक्रम अवधिभर बढीमा दश पटकभन्दा बढी हुने छैन । **

११. प्रशिक्षण भत्ता : (१) जिल्लामा कार्यक्रम सञ्चालन गर्ने क्रममा संलग्न रहने जनशक्तिलाई प्रशिक्षण दिँदा प्रशिक्षकलाई प्रति कक्षा आठ सय रुपियाँ उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रशिक्षण कक्षा कम्तिमा एक घण्टा अवधिको हुनुपर्नेछ ।

१२. प्रोक्सीबापतको पारिश्रमिक : गरिब घरपरिवार पहिचानको लागि तयार गरिएको प्रश्नावलीबाट प्राप्त विवरणको तथ्याङ्कीय विश्लेषणको लागि प्रोक्सी मिन्स टेस्टिङ (Proxy Means Testing) गर्ने व्यक्ति वा सो कार्यमा संलग्न रहने समूहलाई सेवा करार गरी प्रति घरपरिवार अधिकतम् पच्चिस पैसाका दरले हुन आउने रकम प्रोक्सीबापतको पारिश्रमिक उपलब्ध गराइनेछ ।

१३. बोर्डको सचिवालयका कर्मचारीले पाउने सुविधा : (१) समन्वय बोर्डको सचिवालय र जिल्ला समन्वय समितिको सचिवालयमा खटिने कर्मचारीले सुविधाबापत सम्बन्धित श्रेणी वा तहको सुरु तलब स्केल बराबरको रकम पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा कार्यक्रम प्रारम्भ भएको मितिबाट एक आर्थिक वर्षमा बढीमा तीन महिनासम्मको लागि मात्र उपलब्ध गराइनेछ । *

१४. ✄.................................................................................................................

१५. विविध खर्च : जिल्ला समन्वय समितिले कार्यक्रम अवधिभरमा विविध खर्चबापत अधिकतम् दश हजार रुपियाँसम्म खर्च गर्न सक्नेछ ।

१६. भ्रमण खर्चको सीमा लागु नहुने : (१) कार्यक्रम सञ्चालन, अनुगमन तथा सुपरिवेक्षण र कार्यान्वयनको सिलसिलामा मन्त्रालय, बोर्ड वा सचिवालयबाट काजमा खटिने कर्मचारीका लागि भ्रमण खर्च नियमावली, २०६४ को सीमाहद लागु हुने छैन ।

(२) मन्त्रालयले कार्यक्रमका लागि बढीमा पैंतालिस दिनसम्मको लागि भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको सुविधा पाउने गरी कर्मचारी काज खटाउन सक्नेछ ।

१७. दोहोरो भत्ता तथा सुविधा नपाउने : यस निर्देशिकाको विभिन्न दफाको भत्ता तथा सुविधा दोहोरो पर्ने गरी लिन पाउने छैन ।

१८. कार्यक्रममा खटिने कर्मचारीको सुरक्षा तथा क्षतिपूर्ति : (१) यस कार्यक्रममा खटिने सम्पूर्ण कर्मचारीको सम्बन्धित सुरक्षा निकायले सुरक्षा प्रदान गर्नुपर्नेछ ।

(२) कार्यक्रम सञ्चालनसम्बन्धी लिखित जानकारी तुरुन्त जिल्ला प्रशासन कार्यालयलाई दिनुपर्नेछ ।

(३) कुनै कर्मचारीलाई गम्भीर चोटपटक लागेमा, अपाङ्ग भएमा, मृत्यु भएमा सम्बन्धित कर्मचारीको सेवा शर्तमा उल्लेख भएकोमा सोहीबमोजिम र सो उल्लेख नभएको भए देहायबमोजिम क्षतिपूर्ति दिइनेछ :-

(क) गम्भीर चोटपटक लागेमा, अपाङ्ग भएमा पचास हजार रुपियाँसम्म,

(ख) मृत्यु भएमा दुई लाख रुपियाँसम्म ।

---

द्रष्टव्य :- * पहिलो संशोधनद्वारा संशोधित       ** दोस्रो संशोधनद्वारा संशोधित